# बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग

पुल्चोक, ललितपुर

## सवारी साधन खरिद सम्बन्धी सिलबन्दी बोलपत्रको सूचना

(गोरखापत्र दैनिकमा) प्रथम पटक प्रकाशित मिति : २०७२।०९।१० गते

यस आयोगको लागि आवश्यक पर्ने तपशिल बमोजिमका सवारी साधन सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नु परेकाले देहायको शर्तहरुको अधिनमा रही रितपूर्वक सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| क.स. | बोलपत्रको विषय | आवश्यक संख्या | बोलपत्र खरिद गर्ने अन्तिम मिति | सिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मिति | सिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान | सिलबन्दी बोलपत्र वापत राख्नुपर्ने बिडबण्ड | सिलबन्दी बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | ह्याचब्याक कार | २ (दुई) थान | प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० औं दिन कार्यालय समय भित्र | प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र | प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको २:०० बजे यस आयोगका कार्यालय | रु १,१८,०००/- | रु. १,०००/- |

१. बोलपत्र फाराम र सोसँग सम्बन्धित Specification यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनसम्म इच्छुक फर्म/कम्पनीले इजाजत प्राप्त प्रमाणपत्र, PAN तथा VAT दर्ता प्रमाणपत्र र २०७१/७२ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी कार्यालय समयमा यस आयोगको कार्यालय, पुल्चोक, ललितपुर (कर्मचारी संचयकोष भवन, पुल्चोक, ललितपुर बि. ब्लकको तेस्रो तला) आर्थिक प्रशासन शाखाबाट नगद रु. १,०००/ (फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र फारम माथि उल्लिखित मिति र समयमा उपस्थित बोलपत्रदाताहरु वा अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा (बोलपत्रदाता/प्रतिनिधि उपस्थित नभए पनि) यस आयोगको कार्यालयमा खोलिनेछ ।

३. सिलबन्दी बोलपत्र पेश गर्दा माथि उल्लिखित रकम बराबरको कम्तीमा १२० दिन म्याद भएको बोलपत्र जमानत (बिडबण्ड) संलग्न हुनु पर्नेछ ।
४. सिलवन्दी बोलपत्र स्वीकृत भएमा कबोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी वापतको नपुग रकमको बैंक भौचर वा यस आयोगको नाममा जारी गरिएको कम्तिमा १ बर्ष म्याद भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।
५. सिलबन्दी बोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।
६. सिलबन्दी बोलपत्रमा दररेट अङ्क र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।
७. रित नपुगेको, म्याद नाघि वा शर्त राखी पेश भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
८. प्रचलित ऐन नियमानुसार लाग्ने सम्पूर्ण कर बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिकरुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा निहित हुनेछ ।
१०.यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र उल्लेख नभएका कुराहरु बोलपत्र फारामसाथ उपलब्ध हुने सूचना तथा शर्तहरु एवं प्रचलित ऐन नियमानुसार हुनेछ ।
११. विस्तृत जानकारीको लागि यस आयोगको कार्यालय, पुल्चोक, ललितपुर (कर्मचारी संचय कोषको भवन, ब्लक नं. बि., तेस्रो तला)मा सम्पर्क राख्न सकिनेछ ।